"स्वच्छ, सुन्दर, र समुन्नत शहर, मधेशको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१४४४
Email: maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

## नक्सापास गराएर मात्र घर/टहरा निर्माण गर्ने सम्बन्धी सूचना ।

**(सूचना प्रकाशन मितिः २०८२/१२/०१)**

लालबन्दी नगरपालिका क्षेत्र भित्र निर्माण हुने भौतिक संरचना (घर, टहरा, जस्ताले छाएको घर, पर्खाल आदि) निर्माण गर्दा "लालबन्दी नगरपालिकाको भवन निर्माण इजाजत सम्बन्धी मापदण्ड, २०७९" ले तोकेको मापदण्ड भित्र रही, नक्सापास गराएर मात्र निर्माण गर्न पाइने कानूनी प्रावधान रहेको छ। साथै नक्सापास गरी निर्माण सम्पन्न भइसकेका संरचनाको हकमा तला थप, मोहडा फेर्ने आदि कार्यको लागि समेत नक्सा पास गराएर मात्र निर्माण गर्न पाइने प्रावधान रहेको व्यहोरा समेत जानकारी गराईन्छ।

यदि कसैले यो सूचना प्रकाशन भएको मिति पश्चात नक्सापास नगरी/नगराई कुनै पनि भौतिक संरचना निर्माण गरेको/गराएको पाईएमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३९ को उपदफा ५ बमोजिम नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी भवन बनाएको पाइएमा पाँच लाख रुपियाँ सम्म र पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी भवन बनाएको भए दुई लाख रुपियाँसम्म जरिवाना गरी घरधनीकै खर्चमा सो भवन वा त्यसको कुनै भाग भत्काउने आदेश दिन सक्ने समेत कानूनी व्यवस्था रहेकोले अनुमति वेगर यस नगरपालिका क्षेत्रभित्र कसैले पनि नक्सापास नगराइ वा अनुमति नलिइ भौतिक संरचनाहरु (घर, टहरा, जस्ताले छाएको घर, पर्खाल आदि) निर्माण नगर्नु/ नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

*पुनश्च : नक्सापास सम्बन्धी कुनै कुरा बुझ्नु परेमा ९८४४१६९१० मा सम्पर्क गरी बुझ्न सकिनेछ।*

प्रमुख प्रशासकीय अधिकृत